JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ७६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत १७ गते मंगलबार ❑ 30 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

नेता नेपाल र रावल ६ महिनाका लागि निलम्बित

रासस

काठमाडौं, १६ चैत

नेकपा (एमाले)ले पार्टीका दुई नेतालाई ६ महिनाका लागि निलम्बन गरेको छ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टीको हित विपरीतको गतिविधि गरेको तथा पार्टीले सोधेको स्पष्टिकरण चित्त बुझ्दो नभएको भन्दै वरिष्ठ नेता माधवकुमार नेपाल र नेता भीम रावललाई पार्टी सदस्यताबाट निलम्बन गरेका हुन्।

वरिष्ठ नेता नेपाल र रावललाई सच्चिनका लागि समय दिइएको र आफ्ना क्रियाकलापमा सुधार गरेर पार्टीको पक्षमा लाग्न आग्रह गरिएको छ । अध्यक्ष ओलीले नेता नेपाललाई सम्बोधन गर्दै लेख्नुभएको छ, "तपाईंले पार्टी एकतालाई विखण्डन गर्ने, पार्टी फुटाउने, पार्टीभित्रको सहकार्य र सद्भावलाई क्षतविक्षत पार्ने गरी निरन्तर अवैधानिक गुट भेला तथा पार्टीका कुभलो चिताउनेहरूसँग निरन्तर बैठक, भेटघाट गर्ने र उनीहरूको पक्षपोषण गर्ने कार्य निरन्तर गरिरहनु भइ उक्त कार्यलाई निरन्तरता दिने स्वीकारोक्ति सहित अहंकार र आत्मकेन्द्रित कुरा उल्लेख गरी स्पष्टिकरणको जवाफ दिएको देखियो।" पार्टी विरोधी, फाटोवादी र गुटगत क्रियाकलाप नेकपा (एमाले)कै नाममा गरिएको र त्यसलाई आगामी दिनमा निरन्तरता दिईरहनेतर्फ अग्रसरता देखिएको, पार्टीका लागि एकताका लागि भन्दै भ्रम फिजाएर कार्यकर्ता फसाउने र आफ्ना गलत उद्देश्य तथा मनसायका निम्ति दुरुपयोग गर्ने सम्भावना देखिएको निलम्बन पत्रमा उल्लेख छ।

"पार्टी विरोधी गतिविधि बन्द गर्न र सही बाटोमा फर्किने मौका दिन एकैपटक कडा कारवाही गर्नुभन्दा हाललाई दशौं महाविधेशन आयोजक कमिटी सदस्य र पार्टी सदस्यबाटै पार्टीको विधान २०४९(संशोधन २०७१ समेत) को धारा ४९ ख बमोजिम हाललाई ६ महिनाका लागि निलम्बन गरिएको" स्पष्ट पारिएको छ।

यस्तै, नेता रावललाई स्पष्टिकरणमा सोधिएअनुसार 'आफ्नो भूलत्रुटीको स्वीकारोक्ती नगरेको, कुनै आत्मसमीक्षा नगरेको, आत्मआलोचना गर्ने कुनै प्रवृत्ति नदेखिएको, अहंकार आत्मकेन्द्रित र स्वार्थी प्रवृत्ति प्रष्ट रुपमा देखियो' भन्ने निलम्बन पत्रमा उल्लेख छ। यस्तै 'आफ्नो स्वार्थको लागि देश जनता र पार्टीको हितलाई जस्तोसुकै क्षति पुऱ्याउन तयार भएको आपराधिक मनोवृत्ति प्रष्ट रुपमा थप पुष्टी भएको यही चैत ८ गते पेश गरिएको स्पष्टिकरणको जवाफमा' देखिएको उल्लेख छ । केही दिनअघि बसेको एमाले केन्द्रीय कमिटीको बैठकले पार्टीभित्र आवश्यक निर्णय गर्ने अधिकार अध्यक्षलाई दिएको थियो।

पोखरा स्पोटर्स अवार्डको लागि खेलाडी मनोनयन सार्वजनिक

पोखरापत्र संवाददाता

पोखरा, १६ चैत

पाँचौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डको लागि विभिन्न विधामा मनोनयनमा परेका खेलाडीहरु सार्वजनिक गरिएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आउँदो वैशाख २० गते पोखरा सभागृहमा आयोजना गर्ने उत्त स्पोटर्स अवार्ड अर्न्तगत ४ विधाका खेलाडी एवं प्रशिक्षको मनोनयन सार्वजनि गरिएको सोमबारपोखरामाआयोजितपत्रकार सम्मेलनमा जानकारी गराइएको हो । कराँतेका नविन रसाइली, टेबलटेनिसका विनेश खनियाँ र फुटबलका सुमन अर्याल बर्ष उत्कृष्ट खेलाडीको रुपमा मनोनयमा पर्ने सफल भएको मञ्चका अध्यक्ष एकराज गिरीले बताए। त्यसै गरी बर्ष उत्कृष्ट महिला तर्फ (साइक्लिङकी जमुना थापा, तेक्वान्दाकी पार्वती गुरुङ र तेक्वान्दोकी प्रशंसा क्षेत्री मनोनयनमा परेको महासचिव विजय नेपालले बताए। त्यस्तै उदियमान खेलाडीमा पौडीका दुवाना लामा, लनटेनिसका प्रदिप खड्का, क्रिकेटका विपिन खत्री मनोनयनमा परेका हुन्। त्यसै गरी बर्ष उत्कृष्ट प्रशिक्षकमा पौडीका आनन्द कुवंर, फुटबलका किरण श्रेष्ठ र बक्सिडका शुरेश मल्ल मनोनयनमा परेका हुन्।

गण्डकी प्रदेशका उत्कृष्ट बर्ष महिला तथा पुरुष खेलाडीहरुलाई पोखरा स्पोटर्स अवार्डको उपाधि सहित जनही दुई/दुई लाख नगदले सम्मान गरिने भएको छ। कोरोनाको कारण गत बर्ष स्थगित भएको उत्त कार्यक्रम यस बर्ष सहित खेलाडीहरुको मुल्याङकन सहित प्रदेशमा उच्चतम खेलकुद क्षेत्रमा योगदान पुऱ्याएको महिला तथा पुरुष एक एक जना खेलाडीलाई वैशाख २० गते घोषणा सहित सम्मान गरिने भएको अध्यक्ष गिरीले बताए। न्यूनतम २० बर्ष खेलकुद क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका एक जनालाई लाइफ टाइम अचिभमेन्ट अवार्डबाट यस बर्ष पनि सममान गरिने भएको छ। त्यसै गरी उदियमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ र वर्ष उत्कृष्ट खेल पत्रकारतर्फ (२ जना) लाई सम्मान गरिने भएको हो। ४० हजार मुल्य बराबरको चाँदीको करुवाको साथमा लाइफ टाइम अचिभमेन्ट अवार्ड प्रदान गरिने भएको छ भने अन्य विधामा अवार्डको साथमा जनही नगद ३५ हजार रुपैया प्रदान गरिने भएको अध्यक्ष गिरीले जनाए। यस अघि टिभिएसले मुख्य प्रायोजन गर्दै आएको थियो भने कोभिड १९ ले गर्दा यस बर्ष देखि टिभिएसे साथ छोडेसंगै बर्ष उत्कृष्ट खेलाडीलाई यस बर्ष नगद पुरस्कार प्रदान गरिने भएको मञ्चले जनाएको छ।

उनीहरु मध्य एक जनालाई वैशाख २० गते बिषेश कार्यक्रमका बिच उत्कृष्ट खेलाडी एवं प्रशिक्षको रुपमा घोषणा सहित अवार्डबाट सम्मान गरिने भएको हो। मञ्चका संस्थापक अध्यक्ष रामकृष्ण ज्ञवालीको संयोजकत्वमा प्रतिभा छनौट समिति गठन भएको हो । उत्त अवार्डलाई सफल पार्न राष्ट्रिय खेलकुद परिषद् (राखेप), गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका लगायतको सहयोग हुने भएको महासचिव नेपालले जनाए । पत्रकार सम्मेलनामा वोल्दै पत्रकार महासंघका केन्द्रिय सदस्य एवं प्रतिभा छनौट समितिका संयोजक समेत रहेका रामकृष्ण ज्ञवालीले आफुहरुले खेलाडीहरुको योगदानको आधारमा न्यायसंगत मनोनयन गरेको दाबी गरे। राखेपका सदस्य राजेश कुमार गुरुङले उत्त अवार्डं सफल पार्न आफुनी आमाको स्मृतिमा केही न केही आर्थिक सहयोग गर्ने वचन दिए। खेलाडी एवं खेलकुद क्षेत्रलाई प्रोत्साहन हुने यस्ता कार्यक्रमलाई सफल पार्न खेलकुदकर्मी लाग्नु पर्ने उनको भनाई थियो।

शुक्रबारसम्म शिक्षण संस्था बन्द हुने

पोखरापत्र संवाददाता

पोखरा, १६ चैत

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वायुमण्डलमा देखिएको अस्वाभाविक वातावरणका कारण प्रतिकूल असर पर्न सक्ने देखिएकाले यही चैत २० गते शुक्रबारसम्मका लागि सबै शिक्षण संस्था बिदा दिने निर्णय गरेको छ।

शिक्षामन्त्री कृष्णगोपाल श्रेष्ठको अध्यक्षतामा मन्त्रालयमा आज बसेको आकस्मिक बैठकले सम्पूर्ण शिक्षण संस्था चार दिन बन्द गर्ने निर्णय गरेको हो। बैठकमा मन्त्री श्रेष्ठले वायुमण्डलमा देखिएको मौसम प्रतिकूलताका कारण शिक्षण संस्था बन्द गर्नुपरेको जानकारी दिए।

बैठकमा शिक्षासचिव रामप्रसाद थपलिया, विज्ञान सचिव डा सञ्जय शर्मा, मन्त्रालयका प्रवक्ता एवं सहसचिव दीपक शर्मा, सहसचिव डा हरि लम्साल, शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक बैकुण्ठ अर्याललगायतको थियो। बैठकअघि मन्त्री श्रेष्ठले प्रधानमन्त्री केपी शर्मा ओलीसँग परामर्श गर्नुभएको थियो।

लगत्तै मन्त्रालयमा भएको बैठकमा मन्त्री श्रेष्ठले लाखौं विद्यार्थीमा हुनसक्ने स्वाथ्य प्रतिकूलताको कारण सबै शिक्षण संस्था बन्द गर्नुपरेको बताए।

त्रिदेशीय कप फुटबलको उपाधि नेपाललाई

रासस

काठमाडौं, १६ चैत

त्रिदेशीय कप फुटबलको उपाधि नेपालले जितेको छ। फाइनल खेलमा नेपालले बङ्गलादेशलाई २-१ गोलअन्तरले पराजित गरेको हो।

नेपालले दुवै गोल पहिलो हाफमा गरेको हो । नेपालका लागि सन्जोग राई र विशाल राईले गोल गर्नुभएको हो । नेपालले ३७ वर्षपछि घरेलु मैदानमा उपाधि जितेको हो । उपाधिसँगै नेपालले पाँच हजार डलर पुरस्कार प्राप्त गऱ्यो भने उपविजेता बङ्गलादेशले तीन हजार डलर प्राप्त गऱ्यो । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आज सम्पन्न फाइनल खेलमा नेपाली टोलीले शुरुआतदेखि नै बङ्गलादेश विरुद्ध आक्रामक खेलेको थियो।

खेलको १८औं मिनेटमा सन्जोग राईले नेपालका लागि पहिलो गोल गर्नुभएको हो। उहाँ आफ्नो दोस्रो अन्तर्राष्ट्रिय खेलमा नै गोल गर्न सफल हुनुभएको हो। यस्तै खेलको ४२औं मिनेटमा विशाल राईले नेपालका लागि दोस्रो गोल गर्नुभएको हो।

पहिलो हाफमा नेपाली खेलाडीहरुले गोल गर्ने उत्कृष्ट प्रयास गरेका थिए । खेलको १३औं मिनेटमा नेपाल गोल गर्नबाट चुक्यो। खेलको १६औं मिनेटमा बङ्गलादेशी खेलाडीले रोहित चन्दलाई मैदानमा लडाएपछि नेपालले फ्रि किकको मौका पाएको थियो।

अनन्त तामाङले हानेको बल गोलपोष्ट बाहिर पुग्यो । यस्तै खेलको २५औं मिनेटमा नेपालले फ्रि किकको अवसर पाएको थियो। खेलको २८औं मिनेटमा बङ्गलादेशले गोल गर्ने मौका पाएको थियो। उक्त प्रयास नेपाली टोलीका गोलकिपर किरणकुमार लिम्बुले विफल पार्नुभयो । खेलको ३० औं मिनेटमा अन्जन विष्टले गोल गर्ने उत्कृष्ट मौका गुमाउनुभयो । यस्तै ३१औं मिनेटमा विशाल राई गोल गर्नबाट चुक्नुभयो। नेपालले मध्यान्तरअघिको खेलजस्तो आक्रामक खेल मध्यान्तरपछि खेल्न सकेन।

फलस्वरुप बङ्गलादेशले खेलको ८३औं मिनेटमा एक गोल गर्न सफल भयो । बङ्गलादेशका लागि रहमानले हेडमार्फत सान्त्वना गोल गर्नुभएको थियो । नेपालले खेलको अन्तिमतिर गोल गर्ने प्रयास गरेको थियो। तर, तेस्रो गोल गर्न भने नेपाल असफल रह्यो। अन्ततः नेपाल बङ्गलादेशविरुद्धको खेलमा २-१ गेलअन्तरले विजयी भयो।

'तुवाँलो अझै कायम रहन सक्छ'

पोखरापत्र संवाददाता

पोखरा, १६ चैत

विगत केही दिनदेखि काठमाडौं उपत्यकालगायत देशका विभिन्न भागमा एक्कासी देखिएको तुवाँलो अझै कायम रहने भएको छ।

तुवाँलोको मुख्य कारण डढेलो नै रहेको मौसमविद् प्रतिभा मानन्धरले बताइन। उनका अनुसार पछिल्लो समय नेपाल तथा भारतको केही स्थानमा लागेको डढेलोको कारण प्रदूषणको कण वायुमण्डलमा नै जम्मा भएकाले धेरैजसो स्थानमा प्रदूषण बढ्न गई तुवाँलो देखिएको हो। तुवाँलो हट्नका लागि वायुको वेग बढ्नुका साथै वर्षा हुनुपर्छ। "भोलि अपरान्हपछि पश्चिमी वायु सक्रिय हुने देखिएको छ।" उनले भनिन्। यसले हावाको वेग बढ्नुका साथै फाफुटको वर्षाको सम्भावना देखिएकाले मौसम केही सफा हुने बताइएको छ।

हाल देशमा स्थानीय वायुसँगै पश्चिमी वायुकोसमेत आंशिक प्रभाव रहेको छ । दिउँसो प्रदेश नं १, वाग्मती र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही देशको पहाडी भू-भागका एक,दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको विभागले जनाएको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम १० दशमलव ८ डिग्री र अधिकतम तापक्रम २४ दशमलव ८ डिग्री सेल्सियस रहेको छ। त्यस्तै आज सबै भन्दा कम जुम्लाको न्यूनतम तापक्रम ८ दशमलव ६ डिग्री र सबै भन्दा धेरै नेपालगञ्जको अधिकतम तापक्रम ३४ दशमलव ५ डिग्री सेल्सियस रहेको छ।

पूर्वप्रधानमन्त्रीद्वय नेपाल र डा भट्टराई मन्त्रिपरिषद्को निर्णय झिकाउने आदेश

रासस

काठमाडौं, १६ चैत

सर्वोच्च अदालतले वालुवाटारमा रहेको ललिता निवासको जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा बाबुराम भट्टराइ नेतृत्वको मन्त्रिपरिषद्को निर्णय झिकाउने आदेश दिएको छ।

न्यायाधीश अनिलकुमार सिन्हा र हरिप्रसाद फुयाँलको संयुक्त इजलासले सोमबार उक्त जग्गा व्यक्तिको नाममा गर्ने गरी मन्त्रिपरिषद्ले गरेको निर्णय झिकाउने आदेश दिएको हो । आदेशमा मन्त्रिपरिषद्को २०६६ चैत २९, २०६७ वैशाख ३१ र साउन २८, अनि २०६९ असोज १८ गते भएका निर्णय झिकाइ महान्यायाधिक्ताको कार्यालयमार्फत सर्वोच्च अदालतमा पेश गर्न भनिएको छ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

प्रेस चौतारीले सर्वसम्मतका लागि पहल गर्ने

पोखरापत्र संवाददाता

पोखरा, १६ चैत

प्रेस चौतारी नेपाल कास्कीले आसन्न नेपाल पत्रकार महासंघ कास्कीको नयाँ नेतृत्व चयनको लागि सर्वसम्मतको प्रयास गर्ने निर्णय गरेको छ।

प्रेस चौतारी नेपाल कास्कीको सोमबार भएको कार्यदलको बैठकले चौतारीका नेता विगत तीन दशकदेखि पत्रकारितामा क्रियाशील पत्रकार श्याम कुँवरको नेतृत्वमा कार्यसमिति बनाउने गरी सर्वसम्मत नेतृत्व चयन गर्न पहल गर्ने निर्णय गरेको हो । सर्वसम्मत नेतृत्वको लागि कार्यदललेयसका लागि अन्य संगठन र पत्रकार विच सहकार्य र समन्वयका लागि वार्ता प्रक्रियालाई अगाडी बढाउने निर्णय गरेको कार्यदलका सदस्य तथा प्रेस चौतारी नेपाल कास्कीका संयोजक अर्जुन गिरीले जानकारी दिए। सर्वसम्मतको हुन नसकेको खण्डमा प्रेस चौतारी नेपाल कास्कीले आफ्नो गठबन्धनका सहयात्री संगठनसहित प्यानल बनाएर चुनावी प्रतिस्पर्धामा जाने निर्णय समेत गरेको संयोजक गिरीले बताए।

सुपथ मूल्यमा आकर्षक छपाइ
हिमालय अफसेट प्रेस HOP Pokhara
पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

कार्यान्वय पक्ष फितलो हुदै जाँदा पोखराको सौन्दर्यता गुम्दै गएको विज्ञहरुको दाबी

पोखरापत्र संवाददाता
पोखरा, १६ चैत

कान्वयन पक्ष फितलो हुदै जादा पोखराको सौन्दर्यता विस्तारै गुम्दै गएको विज्ञहरुले दाबी गरेका छन् ।

२०३१ सामला योजनाकार ई.पदम बहादुर क्षेत्रीले पोखराको सिटी प्लान तयार पारे पनि शंकरराज पाठक लगायतकाले केही कान्वयन गरे पनि विस्तारै त्यसलाई अबलम्बन गर्न नसक्दा पोखराको सार्वजनिक जग्गा अतिक्रमणसंगै पोखराको सौन्दर्यता गुम्दै गएको सोमबार रेडियो अन्नपूर्णले आयोजना गरेको विज्ञहरुसंगको छलफल मुलक कार्यक्रम द राउण्ड टेवलमा सहभागि विज्ञहरुले बताएका हुन् ।

नेपालमै पहिलो पटक जग्गा एकिकरण योजना ल्याण्ड पोलिङ बाट न्यूरोड, बागलुङ बसपार्क, भवन निमार्ण संरचना, बस्तीविकास, पन्चासेमा र पोखराको शहरमा कस्ता भवन तथा संरचना बनाउने योजनाको खाका तयार भए पनि पछिल्लो समयमा त्यसलाई कान्वयन गर्ने सरोकारवाला निकाय ले त्यसलाई कान्वयन गर्न नसक्दा पोखराको मौलिकता हराउदै गएको विज्ञहरुले चिन्ता व्यत्त गरेका हुन्। हाल पोखरामा जथभावी रुपमा भौतिक संरचना निर्माण, विना योजनामा व्यतिले आफुखुसि भौतिक संरचना निर्माण गर्ने परी पाटी, पोखरेलीले समेत पोखराको सौन्दर्यता बचाउने बिषयमा गम्भिर हुन नसक्दा पनि पोखराको सुन्दरता खस्कदै गएको उनीहको दाबी छ ।

कार्यक्रममा बोल्दै पोखरा महानगरपालिकाका शहरी योजना आयोगका उपाध्यक्ष डा.रामचन्द्र लामिछाने पोखराको सार्वजनिक जग्गा करिब ५ दशकमा ५० प्रतिशत जसो अतिक्रमण भएको दाबी गर्दै जग्गा अतिक्रमण गर्नेहरुलाई समाजबाटै बहिस्कार गर्नु पर्ने बताए । चेतनाको कारण पनि पोखराको विकासले सोचे अनुरुपको गति लिन नसकेको दाबी गरेका उनले २१ औं शताव्दीको दिगो विकासको जग नै चेतनाको स्तर भएको उनले जनाए । आम जनताको चेतनाको स्तर कम भएको कारण हरेक घर परिवार टोल, आफ्नो क्षेत्रमा योजना पार्न साना र टुक्रे योजना पार्ने प्रबृत्ति भएको उपाध्यक्ष डा. लामिछानेले बताए।

पोखरामा हाल निर्माण भएका केही भौतिक पूर्वाधार निर्माणमा २०३१ सालमा निर्माण भएको योजनाको आधारमा भएकोले धेरै राम्रो भएको दाबी गरे । २०५६ साल देखी पोखरामा जन्म दर्ता, मृत्यु दर्ता सिफारिस र पन्जीकरण जस्ता मात्र काम मात्र गर्दा पोखराले पोखरा र पोखरा वरिपरीको विकास योजनामा कुनै ध्यान दिन नसक्दा पोखराको विकासमा समस्या उत्पन्न भएको उनको दाबी छ । सरोकार निकाय नै बलियो नहुदा सार्वजनिक जग्गा माथि अतिक्रमण हुने र आफुखुसि जहाँ पायो त्यही घर सहितका भौतिक संरचना निर्माण गरेको उपाध्यक्ष डा. लामिछानेले बताए । अबको सुन्दर पोखरा बनाउने अभियानमा महानगर लागि पर्ने बताएका उनले हाल बनेका संरचनालाई सच्चाउदै जाने उनले जनाए। पोखराको मुख्य शहर क्षेत्र, साविक लेखनाथ र केही ग्रामिण भेग समेत समेटेर पछिल्लो समयमा भूगोलको हिसावले पोखरा देशकै ठुलो महानगर भए पनि सोही अनुरुपको दिगो रुपमा योजनाबद्ध ढंगले अझै पनि काम हुन नसकेको उपाध्यक्ष डा. लामिछानेले बताए। पोखराका मेयर मानबहादुर जिसी सहितका पालिखका प्रमुखहरु अझै पनि अधिकार विहिन हुनु परेको संघिय सरकारकै निती निर्देशनमा संकुचित र आत्मनिर्भर हुनु परेको उनको दाबी थियो।

पोखरा उपत्यका नगर विकास समितिका पूर्व अध्यक्ष असोक पालिखे पोखराको न्यूरोडको जग्गा एक देखि दुई मिटरसम्म कति जनाले खाएकाछन यदि कसैले सोधेमा जम्मै भन्न सक्ने दाबी गरे। पोखराको न्यूरोडमा एक मिटर जग्गा करिब दुई करोड मुल्य भएको उनले बताए। शंकरराज पाठकले न्यूरोडको जग्गा अधिग्रण गर्दा साँढे दुई किलोमिटर भएकोमा दाया बाया गर्दा करिब ५ किलोमिटर हुन आउने त्यसको ५० प्रतिशत जग्गा नगरविकासले पाउनु पर्ने नपाउको पालिखेले दाबी गरे।

नेपालको ठुलो समस्या भनेको एकले बनाएको योजना अर्कोले पुनः कान्वयन नगर्ने रहेको उनले दाबी गरे। २०३१ सालमा अन्चलाधिश शंकरराज पाठकले तत्कालिन अबस्थामा लागु गरेको पोखरा बनाउने अभियानमा अझै लागु गर्न सके पोखराको सौन्दर्यता बचाउ सकिने पूर्व अध्यक्ष पालिखेको भनाई छ। पोखराको फेवातालको किनारामा विना योजनामा फुटट्याक बनाएको उनको गुनासो थियो। उनले भने“ फेवातालको ६५ मिटर दुरीबाट मात्र फुटट्याक बनाउनु पर्थ्यो, हाल बनाएको फुटट्याकबाट कुनै व्यत्तिले चुइकम वा थुक फाले पनि सिधै तालमा पर्छ।”

योजनाविद् डा.वेदमान भण्डारीले पोखरालाई पर्यटन, शिक्षा, स्वास्थ्य र संस्कृतिको रुपमा विकास गर्नुपर्ने बताएका छन् ।

पोखरा देखि अन्तराष्ट्रिय शहरसंग जोड्ने सिधा हवाई सेवा संचालन हुनको लागि पोखरामा विमानस्थल निर्माणको अन्तिम चरणमा पुगेकोले सोही अनुरुपको यहाँ थप सडक संजाल सहितको अन्य भौतिक पूर्वाधार विकास निकै कम भएको उनको गुनासो थियो।

तथ्याङ्कको आधारमा विकास निर्माण र त्यसको आधारमा बजेट र योजना आवश्यक हुने हुदा नेपालमा तथ्याङ्कमा निकै कमजोर हुदा विकास निर्माणमा बाधा पुगेको योजनाविद् डा. भण्डारीको भनाई छ। पोखरेलीले पोखराको सौन्दर्यतालाई बचाउन जुन रुपमा भुमिका खेल्नुपर्ने सोही अनुरुपको भूमिका खेल्न नसक्दाको परिणाम पोखरा बिग्रिदै गएको उनको भनाई छ। कागजी रुपमा पोखरा सहित नेपालका धेरै योजना राम्रो भए पनि त्यसलाई कान्वयन पक्ष कमजोर हुदा विकासमा बाधा पुगेको योजनाविद् डा. भण्डारीले बताए। पछिल्लो समयमा स्टाफ नर्स, इन्जिनियरहरुले विदेश गएर पनि मासिक लाखौं आम्दानी गर्न सक्ने क्षमतावान भएको दाबी गर्दै उनले विदेशीएका युवा शत्तिलाई नेपालमा काम गर्ने वातावरण मिलाउनु पर्ने बताए। उनले भने “ नेपालमा याक्टर र फ्याक्टरले काम गर्ने वातावरण बनाउनु पर्‍यो, अबको केही बर्ष पछि विदेश जाने युवा शत्तिमा विस्तारै कमी हुनेछ।”

हाम्रो शहर कस्तो छ, पोखरामा शहरका लागि आवश्यक पूर्वाधार छन्, हामीले परिकल्पना गरेको शहर बनेको छ त भन्ने लगायका बिषयमा विज्ञहरुसंगको छलफल मुलक कार्यक्रम द राउण्ड टेवलमा रेडियो अन्नपूर्णकर्मी बासुदेव मिश्रले सहजीकरण गरेका थिए।

‘जीवन कथा’ माथि समीक्षा

पोखरापत्र संवाददाता
पोखरा, १६ चैत

साहित्यकार तथा शिक्षासेवी क्षेत्रबहादुर कुँवरको जीवनीमा आधारित कृति ‘जीवन कथा’ माथि समीक्षा गरिएको छ।

पोखरामा आयोजित कार्यक्रममा वक्ताले ‘जीवन कथा’ स्रष्टा कुँवरको जीवनीमा आधारित भइकन पनि पोखराको पुरानो इतिहास, कला, संस्कृति, रहनसहन जान्न पठनीय रहेको बताए । प्रमुख अतिथि शिक्षाविद् टीकाराम कोइरालाले स्रष्टा कुँवर शिक्षा, साहित्य, राजनीतिक, पत्रकारिता लगायत हरेक क्षेत्रमा क्रियाशील रहेको उल्लेख गर्दै विगतका जीविविषाबारे स्मरण गरे।

कृति समीक्षा गर्दै समीक्षक असफल गौतम र कृष्ण उदासीले एक युग बाँचिसकेका क्षेत्रबहादुरको जीवन कथा विभिन्न क्षेत्रबारे जानकारी लिन फलदायी कृति रहेको बताए। आयोजक अलौकिक कवि देशभक्तसिंह कुँवर प्रतिष्ठान नेपालका अध्यक्ष प्राडा यमबहादुर पौडेल क्षेत्रीको अध्यक्षतामा भएको कार्यक्रममा प्राज्ञ सूर्य खड्का विखर्ची, स्रष्टा क्षेत्रबहादुर कुँवर, वरिष्ठ पत्रकार विश्ववन्धु भण्डारी, संगीतकार बिबि अनुरागी, प्रतिष्ठानका नायक अलौकिक कवि देशभक्तसिंह कुँवर, प्राडा ध्रुवबहादुर अधिकारी, पुस्तक सम्पादकतर्फबाट विजय नेपाल लगायतले बोलेका थिए। कार्यक्रममा स्वागत मुमताज कुँवर र सञ्चालन सञ्चारकर्मी देवेन्द्र एसकेले गरेका थिए। सो अवसरमा एड्स रोग नियन्त्रण संघका अध्यक्ष समाजसेवी विश्वमोहन गौचन र एरेन्जर शुकुराम रसाइलीलाई सम्मान गरिएको थियो । यस्तै, कार्यक्रम सफल पार्न विभिन्न क्षेत्रबाट योगदान दिने व्यक्तिलाई मायाको चिनो प्रदान गरिएको थियो । गत फागुन ४ मा कुँवरको ७५ औं जन्मोत्सव अवसरमा कृति लोकार्पण गरिएको थियो । उनका यसअघि ७ कृति पाठकसमक्ष आएका छन्।

‘जीवन कथा’ मा उनले विभिन्न घटनाक्रम, विगतको वस्तुस्थिति लगायतबारे झण्डै सय शीर्षकमा मिहिन ढंगले कथा समेटेका छन् । स्रष्टा कुँवरले लकडाउनको समय सदुपयोग आफूले सम्झे जति सम्पूर्ण विषयवस्तु यथार्थ घटनामा आधारित रहेर लेखेको हुँदा सबैको लागि उपयोगी हुने दाबी गरे।

पत्रकार विजय नेपाल, शिक्षक कमलराज ढुंगाना र अलौकिक कवि देशभक्तसिंह कुँवरले पुस्तक सम्पादन गरेका हुन्। पुस्तक फोटो कथासहित ३१० पृष्ठ लामो छ।

बागलुङको घटना अत्यन्तै निन्दनीय : कांग्रेस

पोखरापत्र संवाददाता
पोखरा, १६ चैत

नेपाली कांग्रेसले बागलुङको गुल्मी र प्यूठानसँगको सिमाना बल्देधुरीमा आइतबार भएको घटना अत्यन्तै निन्दनीय भएको जनाएको छ।

कांग्रेस विश्वप्रकाश शर्माले सोमबार विज्ञप्तिमार्फत घटनामा होली खेल्ने क्रममा नै भएको असमझदारी र आवेगको परिणाममा दुई युवाको हत्या भएको हो या यसका पछिल्तिर योजनाबद्ध षड्यन्त्र छ, अनुसन्धान गरी दोषीहरुलाई अविलम्ब पक्राउ सरकारसँग माग गरेका छन्।

घटनामा प्रकाश कुँवर र दीपक नेपाली दुई युवाले जीवन गुमाउनुभएको छ । कुँवर कांग्रेस बागलुङका जिल्ला सदस्यसमेत हुनुहुन्छ । दुबै युवाको मृत शरीर भिरबाट करीब ४०० मिटर तल भेटिनुले हत्यापछि फालिएको या भिरबाट धकेलेर हत्या गरिएको स्थिति देखिएको विज्ञप्तिमा उल्लेख छ।

प्रहरी अनुसन्धानलाई तीव्र बनाएर दोषी उम्कन नदिन तदारुकताका लागि कांग्रेसले सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ। घटनाको वास्तविक विवरण लिन, स्थानीयबासीसँग संवाद गर्न र जीवन गुमाएका युवाका परिवारजन भेट्न कांग्रेस जिल्ला सभापति दीपेन्द्रबहादुर थापा र पूर्व सभापति प्रकाश शर्मा पौडेलसहित पार्टीको टिम सोमबार बिहान घटनास्थल प्रस्थान गरेको प्रवक्ता शर्माले जानकारी दिए।

घटनाको वास्तविकता सार्वजनिक गर्दै दोषीलाई पक्राउ गरेर कडा कानूनी कारवाही अघि बढाउन कांग्रेसले माग गरेको छ।

भीमादमा विद्यालय नियमित सञ्चालन हुने

पोखरापत्र संवाददाता
दमौली, १६ चैत

वायु प्रदूषणका कारण सरकारले मङ्गलबारदेखि चार दिन शिक्षण संस्था बन्द गर्ने निर्णय गरे पनि तनहुँको भीमाद नगरपालिकाले भने शिक्षण संस्था नियमित सञ्चालन गर्नेभएको छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले सोमबार विज्ञप्ति प्रकाशित गरी मङ्गलबारदेखि चार दिनसम्म शिक्षण संस्था बन्द गर्ने निर्णय भएको जनाएको थियो।

त्यसको केही समयमै भीमाद नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखाले विज्ञप्ति जारी गरी विद्यालय नियमित रुपमा सञ्चालन गराउन निर्देशन दिएको छ। शाखा अधिकृत टेकावती ढकालद्वारा जारी विज्ञप्तिमा नगरक्षेत्रभित्र हालसम्म वातावरणीय असहज अवस्था नरहेको हुँदा विद्यालय नियमित रुपमा सञ्चालन गर्न सूचित गरिएको छ। काठमाडौँ, लुम्बिनी लगायतका ठाउँमा वायु प्रदूषणको बढी प्रभाव रहेको र भीमाद क्षेत्रमा त्यति धेरै असहज अवस्था नरहेकाले विद्यालय नियमित गर्न लागिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत थमनसिंह थापाले जानकारी दिए । “हाम्रोतिर त्यति धेरै समस्या छैन, झन् विद्यार्थीलाई विद्यालय नआउ भन्दा बाहिर हिंड्ने खतरा हुन्छ”, उनले भने, “बरु १० बजेदेखि ४ बजेसम्म विद्यालयमै बस्दा उनीहरु सुरक्षित छन्।”

पूर्वप्रधानमन्त्रीद्वय...

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोही प्रकरणमा २०७६ माघ २२ गते पूर्वमन्त्री विजयकुमार गच्छदार र चन्द्रदेव जोशीसहित १७५ विरुद्ध विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायर गरेको थियो। तर, पूर्वप्रधानमन्त्रीद्वय नेपाल र डा भट्टराईलाई मन्त्रिपरिषद्बाट सामूहिक निर्णय भनेर सफाइ दिएको थियो।

पूर्वप्रधानमन्त्रीद्वय नेपाल र डा भट्टराईलाई उन्मुक्ति दिन नमिल्ने उल्लेख गर्दै वरिष्ठ अधिवक्ता बालकृष्ण न्यायौपानेले २०७६ माघ २८ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए । रिटमा सरकारी जग्गा व्यक्तिको नाममा गराउन संलग्न प्रधानमन्त्री, मन्त्री विरुद्ध भ्रष्टाचार मुद्दा लगाउन माग गरिएको थियो।

गृहमन्त्री थापाको संयोजकत्वमा वार्ता टोली गठन

रासस
काठमाडौं, १६ चैत

थरुहट आन्दोलनको माग सम्बोधन गर्नका लागि सरकारले गृहमन्त्री रामबहादुर थापाको संयोजकत्वमा तीन सदस्यीय वार्ता टोली गठन गरेको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले सोमबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा थारु कल्याणकारी सभा, थरुहट-थारुवान संयुक्त आन्दोलन र केन्द्रीय आन्दोलन परिचालन समितिको विभिन्न १९ बुँदे माग सम्बोधन गर्नका लागि सरकारले गृहमन्त्री थापाको संयोजकत्वमा वार्ता टोली गठन गरिएको जानकारी दिए। उनका अनुसार वार्ता टोलीका अन्य सदस्यमा प्रधानमन्त्री केपी शर्मा ओलीका परराष्ट्र सल्लाहकार डा राजन भट्टराई र पूर्वसांसद भगवती चौधरी रहेका छन्।

सोचमा परिवर्तन खोजमा
नवीनता, उद्यमी र स्वाबलम्बी
महिला हाम्रो महानता ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Admission Open

Commercial Cooking
Diploma in Culinary arts
F & B Service (Waiter/ Waitress)
Barista (Coffee Making)
Bakery and Confestnary
Indian/ Chinese/ Continantal Cooking
Japanese Cusisine (Sushi Making)
and Many More ....

Everest Institute of Hotel Management
Mahendrapool, Pokhara, Kaski
Opposite of Aannapurna Supermarket
061-536158, 9846038664
www.eihm.com.np
info@eihm.com.np

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- ● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- ● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- ● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- ● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

सम्पादकीय

स्वास्थ्य बीमाको क्षेत्र विस्तार

नेपाल सरकारले संचालन गरेको स्वास्थ्य बीमा कार्यक्रम देशका सबै जिल्ला र क्षेत्रमा विस्तार भएको छ। राष्ट्रिय स्वास्थ्य बीमा नीति २०७१ ले नेपाली जनताको समग्र स्वास्थ्य स्थितिमा सुधार गर्ने दीर्घकालीन लक्ष्य अनुरुप सबै जिल्लामा पुऱ्याईदैछ । नेपालको संविधान २०७२ धारा ३५ मा आधारभूत स्वास्थ्य सेवालाई नेपाली नागरिकको मौलिक हकका रुपमा स्थापित गरिएको छ। संविधानको धारा ५१ (ज) १५ मा राज्यका निर्देशक सिद्धान्त अन्तर्गत नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको ब्यवस्था मिलाउने किटान गरेको छ । त्यसै अनुरुप सरकारले राष्ट्रिय बीमा नीति २०७१ अनुरुप २०७२/२००७३ बाट कार्यक्रम शुरु भएको हो । यही आर्थिक वर्षमा ७७ जिल्लामा स्वास्थ्य बीमा बोर्ड लागू गर्न थालेको छ।

छोटो समयमा नै ७७ वटै जिल्लामा स्वास्थ्य बीमा कार्यक्रम लागू गर्ने अवस्था आउनु सुखद हो। यही चैत २५ गते ताप्लेजुङ, दोलखा, बारा, सर्लाही, मनाङ र मुस्ताङमा स्वास्थ्य बीमा कार्यक्रम तथा वैशाखमा काठमाडौं र ललितपुरमा लागू हुने बोर्डले जनाएको छ । बीमा कार्यक्रममार्फत पाँच जनासम्मको परिवारको रु तीन हजार ५०० बुझाएपछि त्यस घरमा रहेका सदस्यले रु एक लाख बराबरको औषधि उपचार सरकारले तोकेको अस्पतालमा निःशुल्क उपचार गर्न पाइन्छ। पाँच जनाभन्दा बढी सदस्य भएपछि प्रतिसदस्यका दरले रु ७०० बुझाउनु पर्दछ। पाँच जनाभन्दा बढी सदस्यले प्रतिसदस्य रु २० हजारदेखि दुई लाखसम्म निःशुल्क उपचार गर्न पाउने व्यवस्था छ। बोर्डले बीमा कार्यक्रमका लागि देशभरिका सरकारी र निजी गरी ३७५ अस्पताललाई सूचीकृत गरेको छ। ती अस्पतालमा उपचार बीमा लागू गरेका परिवारका सदस्यले गराए रु एक लाखसम्मको निःशुल्क उपचार गराउन पाउनेछन्। सरकारले ल्याएको कार्यक्रमलाई प्रभावकारी बनाउन पत्रकारले पनि स्वास्थ्य बीममा जोड दिएका छन।

नेपाल पत्रकार महासंघ कास्की शाखाले पोखरा महानगरपालिकाको सहयोगमा आफ्ना सदस्यहरूको स्वास्थ्य बीमा गराएको छाश्रमजीवी र साना लगानी तथा स्वरोजगारका लागि ठूलो काम हो। नागरिकलाई बीमाप्रति जनचेतना जगाई सबैलाई आबद्ध हुन प्रेरित गर्ने काम पनि हो । मानिसमा स्वास्थ्य बीमाप्रति जानकारी नभएर धेरै मानिस स्वास्थ्य बीमाबाट बाहिर रहेका छन् । अहिले ६९ जिल्लामा बीमा कार्यक्रम सञ्चालन भए पनि सात लाख ४२ हजार १९२ घर परिवारका ३७ लाख १० हजार ९६२ जना बीमा कार्यक्रममा सहभागी रहेका छन्। तीमध्ये १४ लाख ३० हजारले मात्र बीमा कार्यक्रमको सुविधा लिएका छन् । तीमध्ये यस आर्थिक वर्षमा ७० प्रतिशत बीमितले नवीकरण गरेको छन्।

सरकारले अति गरीब, ज्येष्ठ नागरिक, एचआइभी/एड्स संक्रमित, महिला स्वास्थ्य स्वयंसेविका, अतिअशक्त अपाङ्गलाई भने निःशुल्क बीमा गर्ने गरेको छ। अहिले बीमा कार्यक्रमलाई बाध्यात्मक नबनाएकाले सोचेको जस्तो नागरिक सहभागि हुन सकेका छैनन्। 'गरीब विपन्न परिवारले अझै पनि उपचार गर्न सक्दैनन। 'त्यस्ता गरीब, विपन्न वर्गलाई उपचारमा अन्यले तिरेको शुल्कले सहयोग पुऱ्याउँछ।' 'बिरामी हुँदा मानिसहरु रु एक लाखभन्दा पनि बढी तिर्छन्,' 'तर बीमा गर्नका लागि रु तीन हजार ५०० शुल्क पनि तिर्न मानिरहेका छैनन् । जनचेतना जगाउने र बीमा गरेकालाई राम्रो ब्यवहार हुन्छ भन्ने विश्वासिलो उदाहरण देखाउने बेला आएको छ।

तपाईको आज

मेष	: झमेला बढ्ने	तुला	: सहयोग मिल्नेछ
वृष	: शारिरीक झमेला	वृश्चिक	: सत्कार मिल्नेछ
मिथुन	: आर्थिक समस्या	धनु	: अप्रत्यसित लाभ
कर्कट	: सम्मान मिल्नेछ	मकर	: मन चञ्चल
सिंह	: ब्यापारमा लाभ	कुम्भ	: कार्यमा सफलता
कन्या	: शत्रुको भय	मीन	: मानसिक तनाब

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

अन्नपूर्ण आधार शिविर जोड्ने पदमार्ग निर्माण शुरु

पोखरापत्र संवाददाता
म्याग्दी, १६ चैत

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङबाट अन्नपूर्ण प्रथम हिमालको आधार शिविर जोड्ने पदमार्ग निर्माण शुरु भएको छ।

पर्यटन विभागले ठेक्कामार्फत अन्नपूर्ण, नीलगिरि र तिलिचो पिक हिमालको आधार शिविर जोड्ने पदमार्ग निर्माण शुरु गरेको हो । विभागका इन्जीनियर सचिन्द्रदेव यादवले रु दुई करोड ५० लाखमा ठेक्का लिएको थानी-एनबी जेभीले पदमार्ग निर्माण शुरु गरेको बताउनुभयो । "पदमार्ग, पुल र पोर्टर सेल्टर (आश्रयस्थल) बनाउन लागिएको हो", उहाँले भन्नुभयो, "आवश्यकताका आधारमा डिजाइनअनुसार ठेकेदारले तोकिएको परिणाममा पूर्वाधार बनाउने सम्झौता भएको छ ।" आगामी आर्थिक वर्ष २०७८/७९ मा पदमार्ग निर्माण सम्पन्न गर्ने लक्ष्य छ । विभिन्न ठाउँमा ढुङ्गाको सिँढी चिनेर, सोलिङ गरेर, माटो, पहाड काटेर, रेलिङ राखेर दुई मिटर फराकिलो पाँच किलोमिटरभन्दा बढी पदमार्ग बनाउने लक्ष्य छ। हुमखोला, फुतफुते झरना, भुसकेत र दुला भन्ने ठाउँमा भरिया तथा पर्यटक बस्न मिल्ने आश्रयस्थल बनाउन लागिएको छ।

यसैगरी दुई ठाउँमा पुल निर्माण गर्ने योजना छ । पन्ध्र किलोमिटर दूरीको विभिन्न ठाउँमा पदमार्ग बनाउने गरी ठेकेदारले काम गरिरहेको संरक्षण क्षेत्र व्यवस्थापन समिति नारच्याङका अध्यक्ष तेज गुरुङले बताउनुभयो । हिमाल आरोहण भएको ७० वर्षपछि आधार शिविर जोड्ने पदमार्ग निर्माण गर्न लागिएको हो। सन् १९५० को जुन ३ मा फ्रान्सेली नागरिक मौरिज हर्गोजले आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमालको चुचुरोमा पहिलोपटक पाइला टेक्नुभएको थियो । अन्नपूर्ण आठ हजार मिटरभन्दा अग्लो पहिलोपटक आरोहण भएको हिमाल हो।

नारच्याङका अगुवाहरूले विसं २०६८ मा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्यसहित मिस्ट्रीखोलाको किनारै-किनारै आधार शिविर जोड्ने पदमार्ग पहिचान गरेका थिए । पहिलो चरणमा मानिस मात्र हिँड्न मिल्ने पदमार्ग बनाइएको छ। अक्करे पहाड काटेर मानिस हिँड्ने बाटो बनाएको छ । कतिपय ठाउँमा काठमा टेकेर पहाड पार गर्नुपर्ने अवस्था छ। गाउँपालिकाले पदमार्गको नक्शा तयार पारेको छ। आधारभूतस्तरको पदमार्ग, झोलुङ्गेपुल, फड्के पुल, सिँढी निर्माण भएको छ। पदयात्रामा आउने पर्यटकका लागि सेल्टर निर्माण भएको छ । होटल तथा लज नभएकाले क्याम्पिङ पदयात्रा गर्नुपर्ने हुन्छ। नारच्याङबाट छोटेपा, हुमखोला, भुसकेत हुँदै तीन दिनमा आधार शिविर पुग्न सकिन्छ । हिमाल आरोहण मात्र नभएर झरना, ताल, हिमाल, वन्यजन्तु, वनस्पति पदमार्गको आकर्षण हो। फराकिलो फाँट भएकाले दुर्घटनाको कम जोखिम भएको अन्नपूर्ण आधार शिविरमा पुग्न सकिने यो पदमार्ग सबैभन्दा छोटो, रमणीय र सुरक्षित मानिएको छ । समुद्री सतहबाट चार हजार ५०० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरको प्राकृतिक सौन्दर्ययुक्त दृश्य रमणीय र मनमोहक छ। पदयात्राका क्रममा हिमाल, अग्ला पहाडबाट खसेका झरना, हिमताल र विभिन्न वनस्पति, फूल, चराचुरुङ्गी, वन्यजन्तुको पनि अवलोकन गर्न सकिन्छ।

माउन्टेन गाइड लाइसेन्स रोकियो

रासस
काठमाडौं, १६ चैत

पर्यटन विभागले वितरण गरिरहेको पर्वतीय पथ प्रदर्शक इजाजतपत्र 'माउन्टेन गाइड लाइसेन्स' वितरण कार्य स्थगित भएको छ।

विभागद्वारा सोमबार जरुरी सूचनामा अदालतको उत्प्रेषणको आदेश जारी भएको भन्दै अर्को सूचना नआएसम्म परिचयपत्र वितरणसँग सम्बन्धित सम्पूर्ण कार्य स्थगित गरिएको जनाएको हो । विभागले नेपालको पर्वतीय पर्यटनलाई थप व्यावसायिक, मर्यादित तथा व्यवस्थित गर्नका लागि केहीदिन अघिदेखि पर्वतीय पथ प्रदर्शक इजाजतपत्र उपलब्ध गराएको थियो । पहिलो इजाजतपत्र विश्व कीर्तिमानी आरोही कामीरिता शेर्पाले पाउनुभएको थियो।

विश्वविख्यात आरोहीको चिरस्मरण हुनेगरी आरोहणलाई व्यवस्थित बनाउने उद्देश्यले शुरु गरिएको परिचयपत्र अदालतको आदेशका कारण हाललाई स्थगित गरिएको विभागका निर्देशक मीरा आचार्यले जानकारी दिनुभयो । "कीर्तिमानी आरोहीको सम्मान तथा आरोहणलाई व्यवस्थित गर्नेगरी इजाजतपत्र दिन खोजिएको हो । कतिपय आरोहीले हामीलाई मात्र हुनुपर्छ भनेर माग गर्नुभएको छ, अब अदालतको आदेशानुरुप अघि बढ्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो।

विभागबाट हालसम्म ११० भन्दा बढीले इजाजतपत्र लिएका छन् । विभागले निश्चित मापदण्ड बनाएर नेपाल पर्वतारोहण सङ्घ (एनएमए) ले सिफारिस गरेको आधारमा यस्तो इजाजत दिन्छ। करिब एक हजार ५०० ले इजाजत लिने विभागको अनुमान छ।

पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७० (चौथो संशोधन, २०७७) को दफा ५७(क) बमोजिम विभागले उक्त परिचयपत्र वितरण गर्रिदै आएको थियो। सर्वोच्च अदालतको वादी लाक्पा रङ्डु शेर्पा र प्रतिवादी नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय भएको उत्प्रेषण रिट नं ०७७ डब्लूओ ०९१२ तथा वादी तेण्डी शेर्पा र प्रतिवादी पर्यटन मन्त्रालय भएको उत्प्रेषण रिट नं ०७७ डब्लूओ ०९३० मुद्दामा चैत ९ गतेको उत्प्रेषणको आदेश जारी भएको विभागको सूचनामा उल्लेख छ।

सालको काठसहित चार पक्राउ

पोखरापत्र संवाददाता
गोरखा, १६ चैत

गोरखाको पालुङटार नगरपालिका-१० बाट अवैध सालको काठसहित चार जनालाई प्रहरीले पक्राउ गरेको छ।

स्थानीय जोगीहिडीस्थित श्री पालुङगैरा सामुदायिक वनबाट तस्करी गरेर लैजाँदै गरेको अवस्थामा ना६त ५८६३ नम्बर ट्र्याक्टरसहित आज उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय गोरखा प्रहरी नायब उपरीक्षक प्रकाश दाहालले जानकारी दिनुभयो । उहाँका अनुसार पक्राउ पर्नेमा पालुङटार नगरपालिका-१० जोगीडिहीका २५ वर्षीय अनिल लामा, २५ वर्षीय सुनिल लामा, ३० वर्षीय सोनाम लामा र ट्र्याक्टर चालक सिरानचोक गाउँपालिका-४ का २९ वर्षीय सुजन सुनार रहेका छन्। ट्र्याक्टरमा राखेर अवैध रुपमा विक्रीका लागि राखिएको साल जातको काठ विभिन्न साइजको गोलिया १० थान र चिलाउने जातको विभिन्न साइजको गोलिया दुई थान बरामद गरिएको उहाँले जानकारी दिनुभयो । पक्राउ परेका सबैलाई आवश्यक कानूनी कारबाहीका लागि डिभिजन वन कार्यालय गोरखामा बुझाइएको उहाँको भनाइ छ।

निष्पक्ष छानबिन गर्न नेपाली कांग्रेस बागलुङको माग

पोखरापत्र संवाददाता
बागलुङ, १६ चैत

बागलुङ जिल्लाको बडिगाड गाउँपालिकामा दुईको मृत्यु हुने गरी भएको झडपको निष्पक्ष छानबिन गर्न नेपाली कांग्रेस बागलुङले माग गरेको छ।

बागलुङ जिल्लाको बडिगाड गाउँपालिका र निसीखोला गाउँपालिकाको सिमाना बल्देधुरीमा झडप हुँदा दुई जनाको मृत्यु भएको छ भने केही युवा सम्पर्क बाहिर रहेको घटनाप्रति कांग्रेसले ध्यानार्कषण भएको जनाएको छ । सोमबार कांग्रेसले एक विज्ञप्ति जारी गर्दै घटनामा संलग्नलाई कारवाही गर्न र घाइतेको उपचार गर्न सरकारसँग आग्रह गरेको छ । झडपपछि भिरबाट खसाल्दा निसीखोला-७ का अन्दाजी ३७ वर्षीय प्रकाश कुँवर र २९ दीपक दमाइको मृत्यु भएको छ । मृत्यु भएका कुँवर कांग्रेस जिल्ला सदस्य र दमाई सक्रिय कार्यकर्ता हुन् । जिल्ला सभापति दिपेन्द्रबहादुर थापाद्वारा हस्ताक्षरित विज्ञप्तीमा कांग्रेस जिल्ला सदस्य कुँवर र सक्रिय कार्यकर्ता दमाईमाथि सुनियोजित रुपमा साङ्घातिक हमाल गरी योजनाबद्ध रुपमा हत्या गरिएको भन्दै पार्टीको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरिएको छ।

घटनाको विषयमा विभिन्न समाजिक सञ्जाल तथा सञ्चारमाध्यममा आएको भिडियो र तस्बिरले प्रमाण दिएको र सुनियोजित रुपमा अपराधिक मानसिकताबाट प्रेरित भई हत्या गरेको विज्ञप्तीमा उल्लेख छ।

'परिवार पाल्न गुडियाको भर'

पोखरापत्र संवाददाता
तनहुँ, १६ चैत

म्याग्दे गाउँपालिका-४ निवासी सुकला सुनारले दश दिनको गुडिया बनाउने तालीम सिकेपछि गुडिया बनाएर परिवार पाल्न आफूमा आत्मबल बढेको बताउनु भएको छ।

गाउँपालिकाले दिएको १० दिनको तालीमबाट सिकेको सीपलाई सदुपयोग गर्दै आयआर्जन क्षेत्रमा समय बिताउने लक्ष्य रहेको उहाँले बताउनुभयो । "हातमा सीप भएपछि यत्तिकै बस्दिन", उहाँले भन्नुभयो, 'अब घरमा बसेर काम गरी दैनिकी खर्च जुटाउन सहयोग पुग्ने अपेक्षा गरेको छु।"

तालीममा सहभागी अर्का म्याग्दे-५ निवासी कमला आलेले सीप सिकेर व्यवसाय शुरु गर्छु भन्ने आत्मविश्वासका साथ तालीम लिएको बताउनुभयो । सीप जानेपछि आफूमा उत्साह मिलेको छ । उहाँले भन्नुभयो, "साँच्चीकै बेरोजगार र गृहिणी महिलालाई केन्द्रित गरी तालीम प्रदान गरेर सक्षम बनाएको महसुस गरेको छु ।" जिल्लाको म्याग्दे गाउँपालिकाको आयोजनामा केही दिनअघि गरिबी निवारणका लागि लघुउद्यम सीप विकास कार्यक्रमअन्तर्गत ३४ जना महिलालाई १० दिने तालीम प्रदान गरेको थियो।

गाउँपालिकाका उद्योग शाखा प्रमुख प्रदीप न्यौपानेले महिलालाई आयआर्जन गर्न यस किसिमको तालीम निकै प्रभावकारी हुने बताउनुभयो । थोरै लगानीमा कोठा भाडामा नलिई आफ्नै घरमा बसी राम्रो आम्दानी गर्न सक्ने अवसर रहेको उहाँले बताउनुभयो।

महिलालाई स्वरोजगार बनाउने उद्देश्यले तालीम प्रदान गरिएको म्याग्दे गाउँपालिकाका अध्यक्ष मायादेवी रानाले बताउनुभयो। तालीमप्रदानपश्चात् महिला खुशी भएका छन् । सिकेको सीपलाई व्यवहारमा लागू गरे/नगरेको अनुगमन गरिने उहाँले बताउनुभयो। गाउँपालिकाभित्रका महिलालाई आत्मनिर्भर बनाउन यस किसिमको तालीम उपयोगी हुने सोचेर तालीमको आयोजना गरिएको उहाँले बताउनुभयो।

Krishi Upaj Bazar Byawasthapan Sahakari Sanstha Ltd.
Phedikhola-01, Sarketari, Syangja,
Gandaki Province, Nepal

Invitation for Bid

(Date of Publication: 30th March, 2021)

1. The Krishi Upaj Bazar Byawasthapan Sahakari Sanstha Ltd., Phedikhola-01, Sarketari, Syangja invites sealed bids from registered Suppliers For the Procurement of 4 WD Single Cab Pick-up Vehicle (as a Agro-Ambulance) to the Cooperative Institution of Phedikhola Rural Municipality Ward No. 1, Sarketari, Contract ID: KUBSS-G-SQ-02-VS-077-78. Estimated Amount of the Supply Work sis 2,300,000.00 including VAT, all taxe sand fees.
2. Eligible Suppliers may obtain further information and inspect the Bid Form sat the office of Krishi Upaj Bazar Byawasthapan Sahakari Sanstha Ltd., Phedikhola-01, Sarketari, Syangja, Nepal, Phone: 9856085564.
3. Complete set of Bidding Documents may be purchased from the office of Krishi Upaj Bazar Byawasthapan Sahakari Sanstha Ltd., Phedikhola-01, Sarketari, Syangja, Nepal bye ligible Bidders on the submission of a written application along with the copy of company/firm registration certificate, and upon pay men to fanon-refundable fee of NRs. 3000.0 till 5th April 2021 during office hours.
4. Sealed bids must be submitted to the office of Krishi Upaj Bazar Byawasthapan Sahakari Sanstha Ltd., Phedikhola-01, Sarketari, Syangja, Nepal by handonor before 5th April 2021 till 12:00 hrs. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders're presentatives who choose to attend at 5th April 2021 on13:00hrs at the office of Krishi Upaj Bazar Byawasthapan Sahakari Sanstha Ltd., Phedikhola-01, Sarketari, Syangja, Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 58,000.00, which shall be valid for 30 days beyond the validity period of the bid (i.e.Refer Clause ITB20.1). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.06500334CA at Prime Bank Ltd., Syangja and submit the receipt of the deposited amount of cash along with the Bid.
6. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date.In such case the validity period of the bid security shall rema in the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

मध्यपहाडी लोकमार्गको विस्तार तीव्र

पोखरापत्र संवाददाता
पर्वत, १६ चैत

कोरोना महामारीका कारण रोकिएको मध्यपहाडी लोकमार्ग अन्तर्गत पर्वत खण्ड विस्तारको कामले तीव्रता पाएको छ।

थपिएको म्यादभित्र काम सक्नुपर्ने दबाबका कारण निर्माण कम्पनीले कामलाई गति दिएको हो। गएको भदौमा सकिनुपर्ने काम अहिलेसम्म नसकिएपछि थपिएको नौ महिनाको अवधिमा काम सक्नुपर्ने बाध्यताका कारण निर्माण कम्पनीले तीव्र रुपमा कामलाई अघि बढाएको हो।

जिल्लाको २४ किलोमिटर खण्डमध्ये कुश्माबजारभित्र र पातीचौर बजार क्षेत्रमा चार लेनको सडक विस्तार हुँदैछ भने अन्य स्थानमा दुई लेनमा सडक विस्तार गरिने भएको हो । कुश्मास्थीत आयोजना कार्यालयका प्रमुख मेघराज मरासिनीका अनुसार मोदी गाउँपालिकाको पातीखोलादेखि कुश्मा- ७ चुवाको परादीसम्म कालोपत्रको काम सकिएको छ। कुश्मामा विद्युतका पोल हटाएरबीच खण्डमा माटो भर्ने काम भइरहेको छ। पातीचौरमा कालोपत्र गर्न सबै स्टक्चर तयार भइसकेको छ । 'लकडाउन नभएको भए पर्वत खण्डको काम अहिलेसम्म सकिन्थ्यो,' मरासिनीले भन्नुभयो, "तीन किलोमिटर प्राइम गरिसकेको छ। आगामी असारभित्रै सक्ने लक्ष्य दिएको छु। अब समय थपिँदैन।"

सडक चौडा पार्ने, नाली बनाउनेलगायत पूर्वाधारका काम सबै सकिएकोले अब बेस हालेर कालोपत्र गर्न धेरै समय नलाग्ने उहाँले बताउनुभयो। कुश्माबजारको खरेयादेखि डम्डारेखोलासम्म चार लेनको सडक बनाउन विद्युत्का पोल, खानेपानीका पाइप र केही घर, टहरा हटाउदा काममा ढिलो भएको थियो । सडक विस्तारमा अवरोध रहेकासबैसंरचनाहटाएपछिकुश्मामा सबैजसो कामदार परिचालन भएका छन्। चुवा, कुश्माको बान्द्रेबिँडी र मोदीको केही भागमा भिरको पहरो फुटाएर सडक चौडा बनाइएको छ। लामा कन्स्ट्रक्सनका प्रतिनिधि राजाराम आचार्यले आउँदो जेठभित्रै पर्वतखण्ड सकिने दाबी गर्नुभयो । "अहिले १८० भन्दा धेरै कामदारले काम गरिरहेका छन्," उहाँले भन्नुभयो, "गर्मी बढ्दै गएकाले अब कालोपत्र धमाधम हुन्छ ।" सडक चौडा, नाली, मेसिनरी वाल, ग्याबिनलगायतको सबै काम सकिएकोले कालोपत्र मात्रैका लागि धेरै समय नलाग्ने उहाँले बताउनुभयो। विसं २०७५ वैशाखदेखि शुरु भएको पर्वत खण्ड विस्तारको काम गएको गत भदौमा सकिनुपर्ने हो । कोभिडका कारण भएको लकडाउनले रोकिएपछि आयोजना कार्यालयले नौ महिना समय थप गरेको छ । तत्कालीन आयोजना प्रमुख आशिष थापा मगरले कास्की, पर्वत र बागलुङ खण्डमा अपेक्षित काम भएकोले अब थपिएको मितिमै काम सकिने बताउँदै आएका थिए।

अवरोध र समस्या नआइ काम हुने भने पोखरादेखि बागलुङसम्मको खण्ड नयाँ स्वरुपमा बदलिने छ। मध्यपहाडीको कास्की खण्डको नयाँ पुलदेखि घट्टेखोला सम्मको खण्डको काम सकिएको छ । हेम्जादेखि सिम्पानीसम्मको खण्ड सकिएमा कास्की खण्डको काम पूरा हुनेछ।

बन्दीपुरको 'मिनी ग्रेटवाल' मा आकर्षण

– कृष्ण न्यौपाने
दमौली, १६ चैत

चीनको ग्रेटवालको झल्को दिने गरी तनहुँको बन्दीपुरमा 'मिनी ग्रेटवाल' निर्माण भइरहेको छ । गण्डकी प्रदेशको पोखरापछिको पर्यटकीय गन्तव्यका रुपमा विकास भइरहेको बन्दीपुरमा नयाँ पूर्वाधार थप गर्ने योजनाबमोजिम गाउँपालिकाले मिनी ग्रेटवाल निर्माण गर्न लागिएको हो।

गत वर्षदेखि निर्माण शुरु भएको मिनी ग्रेटवाल निर्माण नसकिँदै पर्यटकको रोजाइमा पर्न थालेको छ । निर्माणाधीन अवस्थामा रहेको मिनी ग्रेटवाल अवलोकनका लागि पर्यटक पुग्ने गरेका छन्। रोटरी क्लबले गण्डकी प्रदेशका १४ देखि १८ वर्षसम्मका युवालाई आज मिनी ग्रेटवालको भ्रमण गराएको छ । क्लबको आयोजनामा तीन दिनदेखि बन्दीपुरमा युवा नेतृत्व विकास तालीम सञ्चालन भइरहेको छ। तालीममा भाग लिन आएका युवालाई बन्दीपुरको पर्यटनका बारेमा जानकारी गराउन सो ठाउँको भ्रमण गराइएको रोटरी क्लब अफ दमौलीका पूर्वअध्यक्ष एवं पर्यटनविज्ञ हरिसिं गुरुङले जानकारी दिनुभयो।

गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापा मिनी ग्रेटवाल पर्यटकको रोजाइमा पर्ने गरेको बताउनुभयो। बन्दीपुर घुम्न आएका सबैजसोले यस ठाउँका बारेमा चासो लिने गरेका छन्। "बन्दीपुरमा नयाँ-नयाँ पूर्वाधार थप गर्ने उद्देश्यबमोजिम मिनी ग्रेटवाल निर्माण थालेका हौँ, मिनी ग्रेटवाल निर्माणका लागि सरकारले पनि बजेट सहयोग गरेको छ", उहाँले भन्नुभयो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट बजेट विनियोजन भएपछि कामलाई अगाडि बढाउन सहज हुने उहाँले बताउनुभयो। उहाँका अनुसार गत वर्ष एक हजार एक सय मिटर पदमार्ग निर्माण सम्पन्न भएको छ भने चालु आर्थिक वर्षमा पनि ३५ मिटर पदमार्ग निर्माण सम्पन्न भइसकेको छ। गत वर्ष रु ७० लाख खर्च भएकामा चालु आर्थिक वर्षमा रु ३० लाखको काम भइरहेको छ। "पर्यटन मन्त्रालयको बजेटबाट शुरुआती विन्दुबाट मिनी ग्रेटवालको कामलाई अन्तिम रुप दिने तयारी गरेका छौँ", उहाँले भन्नुभयो। कूल साढे दुई किलोमिटर दूरी रहने मिनी ग्रेटवालसँगै यहाँ थप पूर्वाधार निर्माण गर्ने योजना छ। गुरुयोजना अनुसारका पूर्वाधार निर्माणका लागि रु १९ करोड लागत अनुमान गरिएको अध्यक्ष थापाले बताउनुभयो । यहाँ थानीमाई मन्दिर, उद्यान, सेल्फी उद्यान, प्याराग्लाइडिङ गर्ने ठाउँ, नौ मिटर अग्लो बन्दीपुर लेखिएको स्तम्भ, घोडा शयर, पुष्पलाल स्मृति पार्क, मुकुन्देश्वरी पार्कलगायत संरचना निर्माण गर्ने योजना छ।

विश्वकै प्रसिद्ध ग्रेटवालको झल्को दिने गरी निर्माण गरिएको पदमार्ग पर्खालले यहाँको पर्यटन विकासमा टेवा पुग्ने विश्वास गरिएको छ । बन्दीपुर गाउँपालिका-२ स्थित थानीमाई मन्दिरबाट निर्माण शुरु गरिएको पदमार्ग पर्खाल मुकुन्देश्वरी डाँडामा पुगेर टुङ्गिने छ । मुकुन्देश्वरी डाँडा तत्कालीन राजा मुकुन्द सेनले शासन गरेको ठाउँ हो।

यस पदमार्ग पर्खाललाई पनि 'मुकुन्देश्वरी पर्खाल' को नामकरण गरिएको छ । पदमार्ग पर्खाल तीन मिटर फराकिलो रहनेछ। बन्दीपुरमा वार्षिक एक लाखभन्दा बढी पर्यटक भ्रमणका लागि पुग्ने गरेका छन् । पदमार्ग पर्खाल निर्माण सम्पन्न भएसँगै पर्यटकको सङ्ख्या अझै बढ्ने अनुमान छ।

पिप्ले सिँचाइ आयोजना निर्माण अन्तिम चरणमा

पोखरापत्र संवाददाता
म्याग्दी, १६ चैत

म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ पिप्लेमा सिँचाइ आयोजना निर्माण अन्तिम चरणमा पुगेको छ।

खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीले उपभोक्ता समितिमार्फत सिँचाइ आयोजना निर्माण गर्न लागेको हो। गत आवमा मुहानमा पानी सङ्कलन गर्ने ट्याङ्की, नहर र पाइप लाइन निर्माण भएको आयोजनालाई यसपालि नहर बनाएर पूर्णता दिन लागिएको उपभोक्ता समितिका सदस्य मोहन कार्कीले बताउनुभयो। गत वर्ष रु २१ लाख खर्च भएको आयोजनाका लागि चालु आवमा रु २५ लाख विनियोजन भएको छ। यस वर्ष ४०० मिटर नहर निर्माण गर्ने सम्झौता भएकामा ३०० मिटरभन्दा बढी निर्माण गरिसकेको सदस्य कार्कीले बताउनुभयो। तीस सेन्टिमिटर उचाइ र ३० सेन्टिमिटर चौडाइ भएको पक्की नहर निर्माण गर्न लागिएको हो।

गत वर्ष २८५ मिटर नहरसमेत निर्माण भएको थियो । आगामी असारमा सक्ने सम्झौता भए पनि स्थानीय उपभोक्ता र मजदुरको सक्रियताका कारण नहर निर्माणको काम धमाधम गरिएको सदस्य कार्कीले बताउनुभयो।

आयोजना निर्माण भएपछि पिप्लेका करिब डेढ सय घरधुरी कृषकको ४०० रोपनी जग्गामा सिँचाइ सुविधा पुग्ने उपभोक्ता समितिले जनाएको छ । टाढाको मुहानबाट पाइपमा पानी ल्याउँदा लगानी बढी पर्ने र कच्ची नहरमा चुहावट हुने समस्या थियो । नयाँ सिँचाइ आयोजना निर्माण भएपछि सिँचाइ गर्न सहज र कृषि उत्पादन बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

माग बढेसँगै चिराइतोको मूल्यमा वृद्धि

– दिलकुमार लिम्बू
काठमाडौं, १६ चैत रासस

नेपालको पूर्वी पहाड तथा हिमाली भेगमा उत्पादन हुने चिराइतोको बजारमा माग बढ्न थालेको छ । चार/पाँच वर्ष अगाडिदेखि लगातार ओरालो लागेको चिराइतोको मूल्यका कारण चिराइतो किसान निराश मात्र बनेका थिएनन्, प्रायः सबैले खेती नै गर्न छाडिसकेका थिए। अहिले ताप्लेजुङको विभिन्न गाउँबस्तीमा चिराइतो व्यापारीले धमाधम चिराइतो खरीद गर्न थालेपछि यसको मूल्यमा पनि वृद्धि भएको छ।

फक्तालुङ गाउँपालिकाको लेलेप, ओलाङचुङ्गोला, तापेथोक, इखाबु, मिक्वाखोला गाउँपालिकाको पापुङ, नाल्बु, साँवा साथै सिरीजङ्घा गाउँपालिकाको याम्फुदिन र सिदिङ्वा गाउँपालिकाको कालीखोला र शुरुम्खिम जस्ता उच्च भेगमा चिराइतोको व्यावसायिक खेती गर्ने गरिएको छ । यी सबै क्षेत्रको चिराइतोको मुख्य बजार भनेको तिब्बत नै हो । ओलाङचुङ्गोला नाका हुँदै चिराइतो तिब्बती बजारमा बिक्री हुने गरेको छ। विश्वव्यापी महामारी कोरोनाका कारण सो नाका बन्द भएकाले न्यून मूल्यमा पनि चिराइतोको किनबेच हुन सकेको थिएन।

भारत हुँदै तेस्रो बजारमा प्रवेश गर्ने भएकाले विगत पाँच वर्षदेखि प्रतिमन रु सात हजारदेखि आठ हजारसम्ममा किसानको घरबाट व्यापारीले खरीद गर्ने गरेका थिए। अहिले प्रतिमन रु १२ हजारदेखि १५ हजारसम्म व्यापारीले घरबाट नै खरीद गर्न थालेका छन्। किसानका अनुसार विगत चार/पाँच वर्ष अगाडिदेखिको पछिल्लो समयको मूल्यमा बेच्दा किसानलाई यसको खेती र सङ्कलन गरेको खर्च नै नउठ्ने भएकाले खेती नै छाडेको फक्ताङलुङ गाउँपालिका-६ लेलेपका केसिङकुमार लिम्बूले बताउनुभयो । लिम्बूले चिराइतो खेतीलाई नै मुख्य व्यवसाय ठानेर यस क्षेत्रमा लागेको २० वर्ष भएको छ । उहाँले भन्नुभयो,"आजभन्दा २० वर्ष अगाडि नै चिराइतोको मूल्य प्रतिमन रु १६ हजार थियो यसको हिसाबले हेर्दा पछिल्लो वर्षमा प्रतिमन रु सात हजारले कारोबार हुनु भनेको अत्यन्त दुखद रहेको छ।" उहाँका अनुसार सबैभन्दा बढी मूल्यमा १० वर्ष आगाडि प्रतिमन ४० हजारमा बिक्री भएको थियो। अहिले उहाँले सो पेशा नै परिवर्तन गरिसक्नु भएको छ।

लेलेपकै स्थानीय व्यापारी नाम्य शेर्पाका अनुसार स्थानीय गाउँका किसानको मुख्य नगदेबालीको रुपमा रहेको सो चिराइतोको भाउ नहुँदा उनीहरुको जीवनयापनमा पनि धेरै गाह्रो भएको छ। उहाँ पहिले यसबाट राम्रौ आम्दानी भएपछि पछिल्लो समय मूल्यमा ह्रास आएसँगै धेरैले व्यावसायिक रुपमा खेती गर्न छाडेको बताउनुहुन्छ। मूल्य कम नभए पनि शेर्पाले आफूसँग भएको चिराइतो व्यापारीलाई सस्तोमा बिक्री नगरी राख्नु भएकाले अहिले राम्रो मूल्य पाएपछि ठूलो राहत भएको बताउनुहुन्छ। शेर्पाले प्रतिमन रु सात हजारमा किनेको चिराइतो भर्खरै प्रतिमन रु १२ हजार ५०० मा बिक्री गर्नुभयो। शेर्पाले स्थानीय गाउँका कृषकबाट ३५ मन चिराइतो सङ्कलन गरेर राख्नुभएको थियो।

मिक्वाखोला गाउँपालिका-५ पापुङका व्यापारी निमा शेर्पाका अनुसार लामो समयपछि चिराइतोको माग आएको र मूल्य पनि राम्रै आउने सङ्केत पाएपछि आफूले पनि विभिन्न स्थानबाट चिराइतो खरीद गर्न थालेको बताउनुभयो । उहाँले भन्नुभयो, "यसपालिको माग भारतबाट बढी आएको छ, भारत हुँदै तेस्रो मुलुक निर्यात हुन्छ। सायद चीनको नाका ओलाङ्चुङ्गोला नाका खुलेको भए यो भन्दा अझ राम्रो दाम आउने थियो ।" फुङ्लिङका व्यापारी तेञ्जिङ शेर्पाले पनि फक्ताङलुङ गाउँपालिका क्षेत्रबाट मात्रै अहिले १०० मनभन्दा बढी चिराइतो सङ्कलन गर्नुभएको छ। उहाँले पनि भारतीय बजारबाट माग आएकाले आफूले सङ्कलन गरेको बताउनुभयो । उहाँले १० हजारदेखि १५ हजारसम्म मूल्यमा चिराइतो खरीद गर्नुभएको छ । उहाँका अनुसार यसपटक पछिल्लो पाँच वर्षपछि चिराइतोको मूल्य सबैभन्दा बढी आएको हो । चिराइतो महत्वपूर्ण जडीबुटी हो । यो एक हजार ५०० मिटरदेखि दुई हजार ५०० मिटरसम्म अत्यधिक हुने गर्छ । ज्वरो, कमलपित्त, दम रुघाखोकी, मधुमेह, पिसाब पोल्ने, पेटको जुका, सुन्निएको, पोलेको आदि रोगका लागि यसका पात, डाँठ, जरा सम्पूर्ण भाग नै प्रयोग गर्न सकिने विज्ञहरु बताउँछन्। ताप्लेजुङमा सरकारी वनबाट तीन हजार ५०० केजी उत्पादन गर्ने लक्ष्य रहेको वन कार्यालयले जनाएको छ। अघिल्लो आर्थिक वर्षमा १४ हजार ४२० केजी ताप्लेजुङबाट निकासी भएको वन कार्यालयको तथ्याङ्क छ।

चालू आवमा ११ हजार १०० केजी निकासी भएको जनाइएको छ । गत वर्ष इलाम, पाँचथर र सङ्खुवासभामा उत्पादन भएको चिराइतो ओलाङ्चुङ्गोला नाका हुँदै चीनतर्फ निकासी हुने गरेको चिराइतो व्यापारी दाबा ज्युङ्दाक शेर्पाले बताउनुभयो । कोरोनाका कारणले ओलाङ्चुङ्गोलातर्फको टिपताला नाका १६ महिनादेखि बन्द भएको छ। नाका बन्द हुँदा चीनतिर चिराइतो जान नसकेर भारततिर निर्यात हुन थालेको शेर्पाले बताउनुभयो ।

वन डढेलो नियन्त्रणका लागि सचेतनो

पोखरापत्र संवाददाता
दमौली, १६ चैत

हिउँदे समय शुरु भएसँगै वन जङ्गलमा डढेलोको जोखिम रहने भएकाले डिभिजन वन कार्यालय तनहुँले डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम अगाडि बढाएको छ।

चैत वैशाखको समयमा वन जङ्गलमा अत्यधिक डढेलो लाग्ने समय भएकाले कार्यालयले डढेलो नियन्त्रण तथा रोकथामका लागि सचेतनामूलक कार्यक्रमलाई जोड दिएको हो।

जिल्लाका विभिन्न ठाउँमा डढेलो नियन्त्रणका लागि शीघ्र उत्तरदायी टिम गठन गरिएको कार्यालयका प्रमुख कोमलराज काफ्लेले जानकारी दिनुभयो। "यो समय भने जङ्गलमा डढेलो लाग्ने समय हो, डढेलो लागि हाल्यो भने तत्कालै नियन्त्रण र रोकथामका लागि विभिन्न सामुदायिक वनमा उत्तरदायी टिम गठन गरेका छौँ", उहाँले भन्नुभयो, "डढेलो लागेको थाहा पाउने वित्तिकै उक्त टिमले नियन्त्रणका लागि काम गर्छ।"

म्याग्दे गाउँपालिका-१, २ र ३ का १३ वटा सामुदायिक वनका पदाधिकारीको सहभागितामा मडुवा सामुदायिक वनका लेखराज लामिछानेको संयोजकत्वमा १३ सदस्यीय शीघ्र उत्तरदायी टिम गठन गरिएको छ। वन डढेलो नियन्त्रण वन कार्यालयले मात्रै गर्न नसक्ने भएकाले सरोकारवालाको पनि यसमा उत्तिकै भूमिका आवश्यक रहेको काफ्लेले बताउनुभयो।

"डढेलो नियन्त्रणका लागि उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता महासङ्घ लगायतलाई आग्रह गरेका छौँ", उहाँले भन्नुभयो, "सर्वसाधारणले घर नजिकैको पातपतिङ्गर सफा गर्न डढेलो लगाइदिने र सोही डढेलो वन क्षेत्रमा सल्किने गरेको छ।" यो वर्ष भने अहिलेसम्म जिल्लामा डढेलोको समस्या देखिएको छैन।

सव डिभिजन वन कार्यालय म्याग्देले मात्र व्यास नगरपालिका-५ र ६ का सामुदायिक वनमा उपभोक्तालाई वन डढेलोबारे सचेतना प्रदान गरेको छ । सोही कार्यक्रमबाट वन डढेलो नियन्त्रण तथा रोकथामका लागि शीघ्र उत्तरदायी टिम गठन गर्ने र प्रत्येक समूहले वनमा कम्तीमा एउटा पोखरी निर्माण गर्ने निर्णय भएको सहायक वन अधिकृत मनोज रानाभाटले जानकारी दिनुभयो । जिल्लामा रहेका आठ वटा सवडिभिजन वन कार्यालयले आआफ्नो क्षेत्रमा वन डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम गरिरहेका छन्। जिल्लाको ८२ हजार ५४९ हेक्टर क्षेत्रफल वनले ओगटेको छ। जिल्लाका १० वटा स्थानीय तहमा ६१६ सामुदायिक वन, ४८५ कबुलियती वन, ६ धार्मिक वन छन्।

घाइते सहचालकलाई कालीगण्डकीमा फाल्ने चालक पक्राउ

पोखरापत्र संवाददाता
वालिङ, १६ चैत

घाइते सहचालकलाई कालीगण्डकी नदीमा फाल्ने चालकलाई जिल्ला प्रहरी कार्यालय स्याङ्जामा आज आयोजित कार्यक्रममा सार्वजनिक गरिएको छ।

ट्र्याक्टरबाट खसेर घाइते भएका १९ वर्षीय सहचालक गणेश गाहालाई कालीगण्डकी नदीमा फालेर फरार रहेका चालक गल्याङ-८ बंग्राती बस्ने २७ वर्षीय अमित परियारलाई पक्राउ गरी सार्वजनिक गरिएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी प्रवक्ता राजेन्द्रप्रसाद अधिकारीले बताउनुभयो । यही चैत ५ गते राति ८ बजेको समयमा गल्याङ-९ स्थित कालीगण्डकी नदीको साँखरघाटबाट बालुवा लिएर आउँदै गरेको ट्र्याक्टरमा रहेका तीन जनामध्ये एकजना खसेपछि सोही ट्र्याक्टरले किचेर घाइते भएका सहचालक रानालाई पुनः कालीगण्डकीमा लगेर बगाइदिएका थिए।

उक्त घटनाका प्रमुख प्रतिवादी ट्र्याक्टर चालक परियार श्रीमती र छोरीसहित भारततर्फ भाग्न लागेको अवस्थामा वडा प्रहरी कार्यालय वालिङले रुपन्देहीको बेलहिया नाकाबाट शुक्रबार पक्राउ गरेको थियो। पक्राउ परेका चालक परियारलाई आज स्याङ्जा जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरी प्रवक्ता अधिकारीले बताउनुभयो।

सोही घटना संलग्न ट्र्याक्टरका अर्का सहचालक गल्याङ-८ बंग्रातीका २१ वर्षीय सुनिल राना चैत ८ गते पक्राउ परेका थिए । घटनास्थलबाट प्रहरीले मृतकको एकजोर चप्पल तथा रगत लागेको ढुङ्गासहित अस्थायी नम्बर प्लेट लुअफ १०१२ ट्र्याक्टरलाई नियन्त्रणमा लिएको थियो।

निःशुल्क रोजगारउन्मुख सीपमूलक तालिम लिने सु-अवसर!!!

यूरोपियन युनियनको आर्थिक लगानी, ब्रिटिस काउन्सिलको व्यवस्थापन तथा दक्षता परियोजनाको सहयोगमा ब्रिलियण्ट मेनपावर ट्रेनिङ्ग सेन्टर (BMTC) बाट प्रवर्द्धित दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम (STSE) परियोजनाद्वारा गण्डकी प्रदेश, पोखरा, कास्कीमा यस क्षेत्रका स्थानिय सरकार, होटल, रेष्टुरेण्ट तथा पर्यटन संघ-संगठन र व्यवसायीहरु संगको समन्वय र सहकार्यमा **होटल तथा पर्यटन** क्षेत्रमा अप्रेण्टिसिप मोडलमा **निःशुल्क** सीपमूलक तालिमहरु संचालन गरिने हुंदा तालिम लिई रोजगार हुन ईच्छुक १६ देखि ४० बर्ष उमेरका बेरोजगार युवाहरुलाई **२०७७।१२।२७ सम्म** सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ।

तालिमका बिषयहरु:

कुक, वेटर, हाउसकिपिङ्ग र रिसेप्सनिष्ट/क्यासियर

आवेदनका लागि सम्पर्क:

दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम परियोजना

लेकसाईड-०६, पोखरा, टुकी रिसोर्ट	९८२६११९६७२
पृथ्वीचोक-०९, पोखरा, कास्की	९८१३६८४४१६, ०६१५३५७३८
अमरसिंचोक-१०, पोखरा, कास्की	९८०६७२२३९९, ०६१-५३१०१७

Website: www.bmtc.com.np, Email: bmtc.dakchyata@gmail.com

दक्षता dakchyata TVET PRACTICAL PARTNERSHIP EUROPEAN UNION BRITISH COUNCIL